<u>बैठक संख्या ०४</u>

आज मिति २०८१ साल कार्तिक ०५ गते (सोमबार) का दिन दिउसो ०३:०० बजे देखि ईशनाथ नगरपालिका, औरैया, रौतहटको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कौशल्या देवीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको सभा हलमा तपसिलको उपस्थितिमा बैठक बस्यो ।

<u>उपस्थिति</u>

| क.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री कौशल्या देवी | नगर प्रमुख | |
| २. | श्री मो. परवेज | नगर उप-प्रमुख | |
| ३. | श्री विगु साह बनिया | वडा अध्यक्ष/का. पा. सदस्य | |
| ४. | श्री धर्मेन्द्र साह | वडा अध्यक्ष/का. पा. सदस्य | |
| ५. | श्री रामचन्द्र राउत | वडा अध्यक्ष/का. पा. सदस्य | |
| ६. | श्री शत्रुधन सिंह | वडा अध्यक्ष/का.पा. सदस्य | |
| ७. | श्री शेख निसार | वडा अध्यक्ष/का.पा. सदस्य | |
| ८. | श्री जवाहिरलाल साह | वडा अध्यक्ष/का.पा. सदस्य | |
| ९. | श्री विरलाल साह तेली | का. वडा अध्यक्ष/का.पा. सदस्य | |
| १०. | श्री शेख खुसबुदिन | वडा अध्यक्ष/का.पा. सदस्य | |
| ११. | श्री रामवावु राय यादव | वडा अध्यक्ष/का.पा. सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १२. | श्री खुर्सेदा खातुन | कार्यपालिका महिला सदस्य | |
| १३. | श्री कमली देवी | कार्यपालिका महिला सदस्य | |
| १४. | श्री रामकली कनुईन | कार्यपालिका महिला सदस्य | |
| १५. | श्री सुन्दरता देवी | कार्यपालिका महिला सदस्य | |
| १६. | श्री समसुन नेशा | कार्यपालिका महिला सदस्य | |
| १७. | श्री तेजीलाल साह | कार्यपालिका सदस्य | |
| १८. | श्री उपेन्द्र महरा | कार्यपालिका सदस्य | |
| १९. | श्री लक्ष्मी नारायण राम | कार्यपालिका सदस्य | |
| २०. | श्री नन्द किशोर गुप्ता | सचिव/नि.प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्ताव नं. १ :** साडी वितरणका लागि बजेट व्यवस्था सम्बन्धमा ।

**निर्णय नं. १ :** कार्यक्रम खर्च शीर्षक नं. २२५२२ मा विनियोजित रकम रु. ३१४९३०२।५० बाट हिन्दूहरूको महान छठ पर्वको अवसरमा अति विपन्न गरिब छठ पर्व बर्तालुहरूलाई साडी वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ :** बजेट संशोधन सम्बन्धमा ।

**निर्णय नं. २ :** यस नगरपालिकाका लागि आगो निभाउने पानी टंकी तथा ट्र्याक्टर खरिदमा रु. २५ लाख विनियोजन भएकोमा उक्त रकमबाट उल्लेखित मेसिनरी समानहरूमा रकम अपुग भएको हुँदा अन्य फिर्ता खर्च शीर्षकबाट रु. ५ लाख कट्टा गरी रकम थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ : रकम विनियोजन सम्बन्धमा ।

निर्णय नं. ३ : चालू आ.व. ०८१/०८२ मा सङ्घीय सम्पुरक अनुदान तर्फ जोकहा मदर्सा स्कूल भवन निर्माणका लागि रु. ७५ लाख विनियोजन भई आएकोमा यस नगरपालिकाको आन्तरिक आय न्यून रहेको हुँदा तोकिए अनुसारको सम्पुरक कोषमा रकम विनियोजन गर्न कठिनाई भएको हुनाले देहाय बमोजिमका योजनाहरूमा सम्पुरक कोषबाट रकम रु. ४५ लाख थप गरी जम्मा रु. १ करोड २० लाखमा योजनाको कार्य गर्न गराउन निर्णय गरियो ।

देहाय

रकम रु. हजारमा

| क्र.सं. | योजनाको नाम र सञ्चालनहुने ठेगाना | सम्पुरक अनुदानबाट व्यहोर्ने रकम | न.पा.को सम्पुरक कोषबाट व्यहोर्ने थप रकम | जम्मा विनियोजित रकम |
|---|---|---|---|---|
| १ | जोकहा मदर्सा भवन निर्माण, ईशनाथ ६, ७ | ३७५० | २२५० | ६००० |
| २ | जोकहा स्कुल भवन निर्माण, ईशनाथ ६ | ३७५० | २२५० | ६००० |
| | जम्मा रकम | ७५०० | ४५०० | १२००० |

प्रस्ताव नं. ४ : चार कोठे विद्यालय भवन निर्माण सम्बन्धमा ।

निर्णय नं. ४ : चालु आ.व. ०८१/०८२ मा सङ्घीय सशर्त अनुदान पुँजीगत तर्फ रु. ५५ लाख विनियोजन भई आएकोमा यस नगरपालिकाको आन्तरिक आय न्युन रहेको हुँदा तोकिए अनुसारको सम्पुरक कोषमा रकम विनियोजन गर्न कठिनाई भएको हुनाले देहाय वमोजिमका योजनाहरुमा सम्पुरक कोषबाट रकम रु. ५ लाख थप गरी जम्मा रु. ६० लाखमा योजनाको कार्य गर्न गराउन निर्णय गरियो ।

देहाय

रकम रु. हजारमा

| क्र.सं. | योजनाको नाम र सञ्चालनहुने ठेगाना | सम्पुरक अनुदानबाट व्यहोर्ने रकम | न.पा.को सम्पुरक कोषबाट व्यहोर्ने थप रकम | जम्मा विनियोजित रकम |
|---|---|---|---|---|
| १ | श्री महावीर प्रा.वि. औरैया, ईशनाथ ३ | ५५०० | ५०० | ६००० |

CamScanner

प्रस्ताव नं. ५ : योजना संशोधन तथा कार्यान्वयन सम्वन्धमा ।

निर्णय नं. ५ : चालु आ.व. ०८१/०८२ मा मिति २०८१/०६/१० देखि परेको अविरल वर्षाका कारण आएको वाढीबाट यस नगरपालिका अन्तर्गतका विभिन्न सडकहरु क्षतिग्रस्त भई बाटो बिग्री आवत जावतमा कठीनाई हुने भएकोले स्रोत निर्धारण भएमा यस आ.वा.मा भुक्तानी हुने स्रोत निर्धारण नभएमा अर्को आ.व.मा भुक्तानी हुने गरि देहाय वमोजिम आवश्यकता अनुसारको सडकमा योजनाको कार्य गर्न गराउन निर्णय गरियो ।

देहाय

रकम रु. हजारमा

| क.सं. | साविक योजना तथा स्थान | विनियोजित रकम रु | संशोधित योजनाको नाम र सञ्चालन हुने ठेगाना | विनियोजित रकम | स्रोत |
|---|---|---|---|---|---|
| १ | न.पा. भरि बिग्रिएका सडकहरु मर्मत तथा ढलान गर्ने वडा नं. १ देखि ४ सम्म | ५९०० | नगर भरी बिग्रेको सडकमा माटो, ग्रेभल गरी रोलर तथा ग्रेडर चलाई मर्मत गर्ने कार्य, ईशनाथ न.पा | ५९०० | आन्तरिक तथा अन्य |

प्रस्ताव नं. ६ : रकम थप गर्ने सम्वन्धमा ।

निर्णय नं. ६ : यस नगरपालिकाको वडा नं ५ स्थित मोतिपुर छठ घाटको कार्य गराउन चालु आ.व.मा रकम रु. १० लाख विनियोजित भएकोमा सो रकमबाट उक्त योजना सम्पन्न हुन अवस्था रहेकोले स्रोत निर्धारण भएमा यस आ.वा.मा भुक्तानी हुने स्रोत निर्धारण नभएमा अर्को आ.व.मा भुक्तानी हुने गरि उक्त योजनाको कार्य गर्न गराउन निर्णय गरियो ।

प्रस्ताव नं. ७ : अति आवश्यक योजना कार्यान्वयन सम्वन्धमा ।

निर्णय नं. ७ : यस नगरपालिकाको वडा नं. ३ स्थित श्री महावीर प्रा.वि. औंरैयाको कम्पाउण्ड वाल निर्माण गर्न अति आवश्यक भएकोले स्रोत निर्धारण भएमा यस आ.वा.मा भुक्तानी हुने स्रोत निर्धारण नभएमा अर्को आ.व.मा भुक्तानी हुने गरि देहाय बमोजिम रकम विनियोजन गरी योजनाको कार्य गर्न गराउन निर्णय गरियो ।

देहाय

रकम रु. हजारमा

| क.सं. | योजनाको नाम र सञ्चालनहुने ठेगाना | विनियोजित रकम | स्रोत |
|---|---|---|---|
| १ | श्री महावीर प्रा.वि. औंरैया कम्पाउण्ड वाल निर्माण, ईशनाथ ३ | २५०० | आन्तरिक तथा अन्य |

प्रस्ताव नं. ८ : योजना कार्यक्रम स्वीकृत सम्बन्धमा ।

निर्णय नं. ८ : सडक बोर्ड नेपालको पत्र संख्या २०८१/०८२ मिति २०८१/०६/१३ गतेको च.नं. ४४० को पत्रबाट यस नगरपालिकाका लागि चालु आ.व. ०८१/०८२ मा रु. ३६लाख को बजेट स्वीकृत भई आएको हुँदा उक्त कार्यक्रममा नगरपालिकाबाट ३०% सम्पुरक कोष (Matching fund) व्यहोर्ने गरी देहायका योजना छनौट गरी सडक बोर्डबाट सहमति माग गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

<u>रकम रु. हजारमा</u>

| क.सं. | योजनाको नाम र सञ्चालनहुने ठेगाना | सडक बोर्डबाट विनियोजित रकम | न.पा. को ३०% सम्पुरक कोषबाट | जम्मा रकम |
|---|---|---|---|---|
| १ | लालमरी देखी रामनगर, जयनगर हुँदै पिउरा सम्म सडक मर्मत, ईशनाथ न.पा. ४ र ६ | २४०० | १०२९ | ३४२९ |
| २ | मोतिपुर देखी झम्कारी सम्म सडक मर्मत, ईशनाथ न.पा. ५ र ८ | १२०० | ५१४ | १७१४ |

प्रस्ताव नं. ९ : सुपरभाइजर राख्ने सम्बन्धमा ।

निर्णय नं. ९ : यस नगरपालिका कार्यालयबाट सञ्चालन हुने पूर्वाधार विकास कार्यको निगरानी तथा साइट सुपरिवेक्षणका लागि मिति २०८१/०६/०१ गते देखि खटिएका यस नगरपालिका कार्यालयबाट श्री उमेश साह लाई जिल्ला दर रेट बमोजिम प्रति दिन रु. ८०० (अक्षरेपी आठ सय) को दर अनुसार पारिश्रमिक पाउने गरि २०८२ असार मसान्त सम्म सुपरभाइजर पदमा कामकाज गराउने निर्णय गरियो ।

प्रस्ताव नं. १० : स्तर वृद्धि सम्बन्धमा ।

निर्णय नं. १० : यस नगरपालिका कार्यालयमा कार्यरत तपसिलमा उल्लेखित कर्मचारीको स्तर वृद्धिका लागि मिति २०८१/०७/०४ मा निवेदन दिइएको हुँदा मधेश प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा मिति २०८१ भदौ ७ गते प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा (६) बमोजिम समायोजन ऐन २०७५ बमोजिम साबिक स्थानीय निकायको सहायक तेस्रो, चौथो, पाँचौ र अधिकृत स्तर छैटौं, सातौं, आठौं तहको कर्मचारीहरु स्थानीय तहको सम्बन्धित पदमा समायोजन भई यो ऐन जारी हुँदाका बखत पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरेका कर्मचारीहरुलाई एक पटकका लागि समायोजन हुनु भन्दा पहिलेको सम्बन्धीत पद देखि नै ज्येष्ठता कायम हुने गरि अख्तियारवालाले एक तह स्तरवृद्धि गरिदिने व्यवस्था भए बमोजिम देहाय अनुसार कर्मचारीहरुलाई एक तह स्तर वृद्धि गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क.सं. | कर्मचारीको नाम | कर्मचारी संकेत नं. | सुरु नियुक्ति | | | | स्तर वृद्धि हुने | | | ज्येष्ठता कायम हुने मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मिति | सेवा | समुह | तह | तह | सेवा | समुह | |
| १. | प्रमोद कुमार साह | २३३८७९ | २०७५/०८/१७ | प्रशासन | लेखा | सहायक चौथो | सहायक पाँचौं | प्रशासन | लेखा | २०७५/११/१३ |

CamScanner

प्रस्ताव नं. ११ : योजना संशोधन सम्वन्धमा

निर्णय नं. ११ : यस नगरपालिकाको आ.व. ८१/८२ को नगर सभामा स्वीकृत नगर तथा वडा स्तरीय तपसिल बमोजिमको योजना/कार्यक्रम संशोधन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

नगर स्तरीय योजना

| क्र.सं. | साबिक योजना/कार्यक्रमको नाम तथा स्थान | विनियोजित रकम रु. | संशोधित योजना/कार्यक्रमको नाम र सञ्चालन हुने ठेगाना | विनियोजित रकम रु. | स्रोत |
|---|---|---|---|---|---|
| १. | मौलाना तौकिरको घर देखी इदगाह सम्म RCC नाला तथा पि.सि.सि. ढलान, ईशनाथ ५ | ३५०० | सुगनको पसल देखि नहर सम्म माटो पुरी ग्रेभल, ईशनाथ ५ | ७०० | सङ्घीय समानिकरण |
| २. | सुगनको पसल देखि नहर सम्म माटो पुरी ग्रेभल, ईशनाथ ५ | ५०० | सरफराजको घर देखि अमालुदिनको घर सम्म पि.सि.सि. ढलान, ईशनाथ ७ | ५०० | |
| ३. | लक्ष्मिनिया बाकी रहेको कब्रिस्तान कम्पाउण्ड वाल, ईशनाथ ५ | ९०० | नगर भरि डिपकल जडान, ईशनाथ न.पा. | ५०० | |
| ४. | शेख सफिउल्लाहको घर देखी शेख वहिद मिया कबाडीको खेत सम्म माटो पुरी ग्रेभल गरी सडक उस्तरन्नती, ईशनाथ ५ | ५०० | जयलाल बैठाको घर देखि शेख हारुनको घर सम्म पि.सि.सि. ढलान, ईशनाथ ५ | २२०० | |
| ५. | लक्ष्मिनिया स्वास्थ्य चौकीको अधुरो कम्पाउण्ड वाल निर्माण, ईशनाथ ५ | ८०० | शेख जफिरको घर देखि जाकिरको पोखरी सम्म पि.सि.सि. ढलान, ईशनाथ ८ | ५०० | |
| | | | लक्ष्मिनिया कब्रिस्तान कम्पाउण्ड वाल निर्माण, ईशनाथ ५ | १००० | |
| | | | श्री शंकर प्रा.वि. लक्ष्मिनिया शौचालय निर्माण, ईशनाथ ५ | ८०० | |
| | | ६२०० | | ६२०० | |

वडा स्तरीय योजना

<table>
<tr><th>क्र.सं.</th><th>साबिक योजना/कार्यक्रमको नाम तथा स्थान</th><th>विनियोजित रकम रु.</th><th>संशोधित योजना/कार्यक्रमको नाम र सञ्चालन हुने ठेगाना</th><th>विनियोजित रकम रु.</th><th>स्रोत</th></tr>
<tr><td>१.</td><td>वडा भरिमा सरसफाई र प्रहरी चौकी मर्मत सम्भार तथा छठ घाटमा माटो पुर्ने, ईशनाथ न.पा. ३</td><td>३००</td><td>वडा भरिमा सरसफाई र मन्दिरको रङ्गरोदन तथा छठ घाटमा माटो पुर्ने, ईशनाथ न.पा. ३</td><td>३००</td><td rowspan="9">सङ्घीय समानिकरण</td></tr>
<tr><td>२.</td><td>गरिब साहको पुल नजिक चौतरा निर्माण तथा समसान घाटमा माटो पुर्ने, ईशनाथ न.पा. ३</td><td>५००</td><td rowspan="2">गरिब साहको पुल नजिक चौतार निर्माण तथा औंरैया चौक नजिक रहेका हनुमान मन्दिरको अधुरो कार्य पुरा गर्ने, ईशनाथ न.पा. ३</td><td rowspan="2">१०००</td></tr>
<tr><td>३.</td><td>हनुमान मन्दिरको अधुरो कार्य पुरा गर्ने ईशनाथ न.पा. ३</td><td>५००</td></tr>
<tr><td rowspan="2">४.</td><td rowspan="2">तारपोल खरिद, ईशनाथ न.पा. ८</td><td rowspan="2">५००</td><td>छठ पर्वमा बर्तालुहरुको लागि साडी वितरण, ईशनाथ न.पा. ८</td><td>३५०</td></tr>
<tr><td>तारपोल खरिद, ईशनाथ न.पा. ८</td><td>१५०</td></tr>
<tr><td>५.</td><td>छठ र इदमा साडी तथा सुट वितरण, ईशनाथ न.पा. ९</td><td>४००</td><td rowspan="2">छठ र इदमा साडी तथा सुट वितरण, ईशनाथ न.पा. ९</td><td rowspan="2">७००</td></tr>
<tr><td>६.</td><td>पासवान टोलमा अधुरो नाला निर्माण, ईशनात न.पा. ९</td><td>२००</td></tr>
<tr><td>७.</td><td>छोटेलाल मलिको घर देखी घोरही देवी मन्दिर सम्म पोल तार खरिद गरि जडान गर्ने कार्य, ईशनाथ न.पा. ९</td><td>३००</td><td>छोटेलाल मलिको घर देखी घोरही देवी मन्दिर सम्म पोल तार खरिद गरि जडान गर्ने कार्य, ईशनाथ न.पा. ९</td><td>२००</td></tr>
</table>

प्रस्ताव नं. १२ : गाडी भाडामा लिने सम्बन्धमा ।

निर्णय नं. १२ : यस नगरपालिका कार्यालयबाट सञ्चालन हुने योजना तथा मातहतका कार्यालयहरुको अनुगमनका लागि जिल्ला दररेट भित्र रहि चार पाङ्ग्रे सवारी गाडी भाडामा मिति २०८१/०५/१७ गते देखि लिएको सवारी भाडा लाई अनुमोदन गर्न निर्णय गरियो ।

प्रस्ताव नं. १३ : कार्यविधि पारित सम्बन्धमा ।

निर्णय नं. १३ : मधेश प्रदेश सरकारबाट मिति २०८१ भाद्र ७ गतेमा जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" को परिधि भित्र रहि "कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" लाई मिति २०८१ भाद्र २७ गते देखी लागु हुने पारित गर्ने निर्णय गरियो ।